अपिहिमाल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०७ संख्या : २२ मिति : २०८०/०९/१८

भाग - २

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

**सुदुरपश्चिम प्रदेश**

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## अपिहिमाल गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहको मापदण्ड, २०८०

गाउँ कार्यापालिकाबाट स्वीकृत मिति

२०८०/०९/१६

**प्रास्तावाना:** नेपालको संविधान, प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानून बमोजिम जनतालाइ प्रत्याभूत भएका सार्वजनिक सेवाहरुमा सुशासन कायम गर्न संघीय शासन व्यवस्थाको मर्म तथा जजताको सबैभन्दा नजिकको सरकार भएकाले सेवाप्रवाह प्रभावकारी बनाई जनताका दैनिक जनजीवनलाई सहज बनाउन, सेवा प्रवाहलाई निरन्तर अनुगमन, परिमार्जन तथा सूचना प्रविधिमा आधारित बनाई परिस्कृत बनाउन वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२को उपदफा (२) र अपिहिमाल गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ को दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले देहायको मापदसण्ड बनाई जारी गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो मापदण्डको नाम "अपिहिमाल गाउँपालिकाकोसार्वजनिक सेवा प्रवाहको मापदण्ड, २०८०" रहेको छ ।

(२) यो मापदण्ड गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखिप लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

(क) "अध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ख) "आर्थिक ऐन" भन्नाले अपिहिमाल गाउँपालिकाको आर्थिक ऐनलाई सम्झनु पर्दछ।

(ग) "कर्मचारी" भन्नाले अपिहिमाल गाउँपालिका कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारी सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले अपिहिमाल गाउँपालिका कार्यलयको कार्यालय सम्झनु पर्दछ।

(ङ) "कार्यपालिका" भन्नाले अपिहिमाल गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

(च) "गाउँसभा" भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(छ) "गाउँपालिका" भन्नाले अपिहिमाल गाउँपालिका सम्झनु पर्दछ ।

(ज) "गुनासो सुन्ने अधिकारी" भन्नाले अपिहिमाल गाउँपालिकाको कार्यलयद्धारा तोकिएको गुनासो सुन्ने अधिकारी सम्झनु पर्दछ ।

(झ) "जनप्रतिनिधि" भन्नाले नेपालको संविधान बमोजिम निर्वाचित अपिहिमाल गाउँपालिकाका जनप्रतिनिधि सम्झनु पर्दछ ।

(ञ) "समिति" भन्नाले यस मापदण्डको दफा ५ बमोजिम वठित समिति सम्झनु पर्दछ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अपिहिमाल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ठ) "वडा अध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको वडा अध्यक्ष सम्झनु पर्दछ।

(ड) "वडा कार्यलय" भन्नाले अपिहिमाल गाउँपालिकामा रहेका वडा कार्यालयहरु सम्झनु पर्दछ।

(ढ) "वडा सचिव" भन्नाले वडा कार्यालयको प्रशासन प्रमुखको रुपमा तोकिएको कर्मचारी सम्झनु पर्दछ ।

(ण) "सार्वजनिक सेवा" भन्नाले नेपालको संविधान, प्रचलित संघीय कानून, प्रदेश तथा स्थानीय कानूनद्धारा व्यक्ति वा संस्थालाई निशुल्क वा सशुल्क उपलब्ध गराउनु भनि तोकिएको सार्वजनिक सेवा सम्झनु पर्दछ ।

(त) "सूचना अधिकारी" भन्नाले अपिहिमाल गाउँपालिकाको कार्यालयद्धारा तोकिएको सूचना अधिकारी सम्झनु पर्दछ ।

(थ) "शाखा प्रमुख" भन्नाले अपिहिमाल गाउँपालिकाका कार्यालयको शाखाहरुको प्रमुखको रुपमा तोकिएको कर्मचारी सम्झनु पर्दछ ।

## परिच्छेद-२
## सार्वजनिक सेवा प्रवाह

३. **सार्वजनिक सेवा प्रवाह सबैको दायित्व हुनेः** (१) स्थानीय तहबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहमा कानून बमोजिम सबैको दायित्व हुने छ ।

(२) सेवा प्रवाहको दायित्वबाट तोकिएको कुनै जनप्रतिनिधि तथा कर्मचारी पन्छिन पाईने छैन ।

(३) सेवा प्राप्तिका लागि तोकिएका प्रकृिया वा शर्त पालना गर्नु सबैले सावाग्राहीको दायित्व हुनेछ ।

(४) सार्वजनिक सेवाको प्रवाहको क्रममा सम्बन्धित सबैले सार्वजनिक सेवाको उच्च आदर्शले प्रेरित आचरणको प्रदर्शन गर्नुपर्नेछ ।

४. **सार्वजनिक सेवाको नाम, प्राकृित, आवश्यक प्रक्रिया , लाग्ने समय र दस्तुर, जिम्मेवारी अधिकारी र गुनासो सुन्ने अधिकारीः** (१) कार्यलय, मातहतका कार्यालय तथा वडा कार्यालयबाट प्रदान गरिने सार्वजनिक सेवाको नाम, प्रकृित आवश्यक प्रकृिया, लाग्ने समय दस्तुर, जिम्मेवार अधिकारी र गुनासो सुन्ने अधिकारी कार्यपालकद्धारा स्वीकृत नागरिक वडापत्र बमोजिम हुनेछ ।

(२) सार्वजनिक सेवा प्रवाहलाई थप परिस्कृत बनाउन उपदफा १ बमोजिमको नागरिक वडापत्र दफा ५ बमोजिमको समितिको सिफारिसमा कार्यापालिकाले आवश्यक परिमार्जन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम परिमार्जित नागरिक वडापत्र सर्वसधारणको जानकारीको लागि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

## परिच्छेद-३
## अनुगमन तथा प्रतिवेदन सम्वन्धी व्यवस्था

५. **अनुगमन समितिः** (१) कार्यापालिका अन्तर्गतको सुशासन तथा संस्थागत विकास समितिले सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन अनुगमन गर्नेछ।

(२) उपदफा (१) बमाजिमको समितिले आवश्यक परेमा अन्य जनप्रतिनिधि, कर्मचारी, विषय विज्ञ तथा सरोकारवालालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

६. **समितिको काम, कर्तव्य र अधिकारः** सार्वजनिक सेवा प्रवाहको सन्दर्भमा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक सेवा प्रवाहलाई थप गुणस्तरीय, परिस्कृत तथा प्रभावकारी बनाउन नीति तथा योजना मस्यौदा तर्जुमा गर्ने ।

(ख) गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने सम्पूर्ण सार्वजनिक सेवा प्रदायक कार्यालय तथा निकायको सेवा प्रवाह सम्बन्धमा अनुगमन गरी थप सुधारका लागि सम्बन्धित निकायमा सुझाव दिने ।

(ग) सार्वजनिक सेवा प्रवाह सम्बन्धमा कम्तीमा वार्षिक रुपमा सेवाग्राही, सेवा प्रदायक तथा सरोकारवालाहरुको सहभागितामा सार्वजनिक सुनुवाई गराउने ।

(घ) नागरिक वडापत्रको कार्यान्वयनको अवस्था मूल्याङ्कन गरी थप सुधारका लागी सुझाव संकलन गर्ने ।

(ङ) घुम्ती सेवाको क्षेत्र पहिचानज गरी एकीकृत घुम्ती सेवाको योजना बनाई सार्वजनिक सेवा प्रवाह समुदाय स्तर सम्म पुऱ्याउन सहयोग गर्ने ।

(च) सार्वजनिक सेवा प्रवाह सम्बन्धमा सेवाग्राही तथा सेवा प्रदायक गुनासो सुनुवाईको यथोचित प्रबन्ध मिलाउने र विद्यामान गुनासो सुनुवाई संयन्त्रलाई थप प्रभावकारी बनाउन आवश्यम सुझाव दिने ।

(छ) अनुसूची-१ बमोजिम सेवाग्राही सन्तुष्टि सर्वेक्षण फारम गरी वार्षिक रुपमा सेवाग्राही सन्तुष्टिको अवस्था मूल्याङ्कन गर्ने ।

(ज) सेवाग्राही, सेवा प्रदायक तथा सरोकारवालाहरु बिच समन्वय तथा अन्तरक्रिया गर्ने ।

(झ) सार्वजनिक सेवा प्रवाहको क्रममा देखा परेका वा भविष्यमा देखा पर्न सक्ने समस्या सामाधान तथा अवरोध हटाउने ।

७. **अनुगमन, प्रतिवेदन तथा समीक्षाः** (१) कार्यालयको पदसोपान अनुसार सम्बन्धित पदाधिकारी तथा कर्मचारीले सार्वजनिक सेवा प्रवाह सम्बन्धमा नियमित वा आवश्यकता अनुसार अनुगमन गर्नुपर्ने ।

(२) समिति दफा ६ बमोजिम सम्पादित कार्यहरु, अनुगमन प्रतिवेदनका आधारमा विद्यमान समस्या तथा चुनौतिहरु, समस्या समाधानका उपाय, सुधारका लागि

गर्नुपर्ने प्रयासहरु सहितको एकिकृत सुधार योजना प्रतिवेदन वार्षिक रुपमा कार्यपालिकामा पेश गर्नुपर्छ ।

(३) उपदफा २ बमोजिमको प्रतिवेदन माथि कार्यपालिकाले आवश्यक सामीक्षा गरी गाउँ सभामा प्रस्तुत गर्नेछ ।

**परिच्छेद-४**

**विविध**

८. **पुरस्कारः** सार्वजनिक सेवा प्रवाहमा रचनात्मक योगदान पुर्याउने व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिनेछ ।

९. **कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गरिनेः** (१) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई सार्वजनिक सेवा प्रवाह सम्बन्धमा गरेको कार्य सम्पादन संग आवद्ध गरिनेछ । मासिक तथा वार्षिक रुपमा सम्झौता गरिनेछ ।

(२) करार सेवा अन्तर्गत कार्यरत कर्मचारीहरुको करार सेवा निरन्तरतालाई सार्वजनिक सेवा प्रवाह सम्बन्धमा गरेको कार्य सम्पादनसँग आवद्ध गरिनेछ ।

१०. **सूचना प्रविधिको उपयोगः** सार्वजनिक सेवालाई सहज, सुलभ भरपर्दो, कम खर्चिलो बनाउन उपयूक्त सूचना प्रविधिको उपयोगलाई प्रवर्धन गरिनेछ ।

११. **सार्वजनिक सेवा प्रवाहमा सुधारका लागि लगानीः** सार्वजनिक सेवा प्रवाहमा सुधारका लागि लगानीका क्षेत्र तथा परिमाण समेत यकिन गरी समितिले बजेट तथा कार्यक्रम तर्जुमा समिति मार्फत कार्यपालिकामा प्रस्ताव पेश गर्नेछ ।

१२. **बाधा अडकाउ फुकाउनेः** सार्वजनिक सेवा प्रवाह सम्बन्धमा कुनै बाधा पर्न आएमा कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

**यस मापदण्ड बमोजिम हुन** : प्रचलित कानूनका जुनसुकै कुरा लेखिएको भएता पनि यस मापदण्डमा लेखिएको कुरा यसै मापदण्ड बमोजिम हुनेछ।

आज्ञाले,

ईन्द्र बहादुर रावल

प्रमुख प्रशासकीय अधिकृत